## नेपाल बिद्युत प्राधिकरणबाट प्रस्तावित

## कमाने –पिलुवा १३२ के भी डबल सर्किट प्रसारण लाइन स्तरोन्नति आयोजनाको सन्दर्भमा

## सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ३ (२) र दफा ४ (ख) (ग) अन्तर्गत प्रकाशित सार्बजनिक सुचना !!!

नेपाल विद्युत प्राधिकरण (NEA) को आयोजना व्यवस्थापन निर्देशनालय (PMD) ले मकवानपुर र बारा जिल्लामा कमाने(हेटौडा) - पिलुवा १३२ के भी डबल सर्किट (DC) प्रसारण लाइनमा बिजुलीको भरपर्दो आपूर्तिको लागि कन्डक्टरको परिबर्तन प्रस्ताव गरेको छ । प्रसारण लाइनको कन्डक्टर परिबर्तन मूलतः विद्युत ग्रिड आधुनिकीकरण परियोजना अन्तर्गत हुनेछ । प्रस्तावित कन्डक्टर परिबर्तन कार्य हेटौडा उप महानगरपालिका वडा न ८ र १५, तथा जितपुर सिमरा नगरपालिका वडा न १५, २१, र २२ अन्तर्गत पर्दछ |

उक्त प्रसारण लाइनले कमानेको रातमाटेदेखि पिलुवासम्मको खण्डलाई समेट्छ | पिलुवा १३२ केभी डबल सर्किट प्रसारण लाइन २६.९८३ किलोमिटर लम्बाइको छ, जसले विद्यमान कमाने(हेटौडा वडा न १५) १३२/३३/११ केभी र पिलुवा ( जितपुर सिमरा नगरपालिका वडा न ८ )१३२/३३/११ केभी सबस्टेसनलाई जोड्दछ । पुरानो ACSR लाई HTLS कन्डक्टरले प्रतिस्थापन गरिनेछ | करिब १८ मिटर आर ओ डब्लु भएको यो प्रसारण लाइन बिगत ३५ बर्ष देखि संचालित छ | प्रस्तावित कन्डक्टर परिबर्तन कार्यले प्रसारण लाइनको भार बहन क्षमता बढाउनेछ । कन्डक्टरको प्रतिस्थापन मात्र हुने भएकाले प्रसारण लाइनका विद्यमान टावर र आर ओ डब्लु (RoW) भन्दा अरु क्षेत्रमा कार्य गरिने छैन । तसर्थ, यस आयोजनाको कन्डक्टर परिबर्तन गर्न अन्य थप जग्गाको पर्ने छैन | प्रसारण लाइन खण्डको जंगल क्षेत्र अन्तर्गत पनि हाल संचालनमा रहेको जग्गा बाहेक अन्य थप जग्गा आबस्यक नपर्ने हुनाले थप रुख कटानी आबस्यक पर्ने छैन |

यो जानकारी सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ३ (२) र दफा ४ (ख) र (ग) अन्तर्गत कुनै पनि आयोजनामा भइ रहेको काम कारबाहीको जानकारी स्थानिय लाइ उपलब्ध गराउनुपर्ने हुन्छ भन्ने प्राबधान र सुचना मा सबैको पहुच सहज र सरल तरिकाले पुर्याउनुपर्ने तथा आयोजना को काम कारबाही खुला र पारदर्शी बनाउनु पर्छ भन्ने प्रयोजनार्थ सम्बन्धित सबै को जानकारी को लागि यो सुचना प्रकाशित गरिएको छ | यस सम्बन्धमा कुनै राय सुझाब भएमा निम्न इमेल ठेगाना मा पठाउन सकिने छ :

**राय सुझाब पठाउने ठेगाना :**

सामाजिक सुरक्षण तथा वातावरण ब्यबस्थापन विभाग , ने बि प्रा

मातातिर्थ , काठमाण्डौं

इमेल : ssemd@nea.org.np , pmd@nea.org.np

२०८१/३/१०

राजनऋषि कडेल
निर्देशक